विशेष साधारण सभा २०७८ को

प्रतिवेदन

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि.

बागलुङ न.पा.–३, बागलुङ बजार

प्रतिनिधि–पत्र (प्रोक्सी फाराम)

श्री सञ्चालक समिति
सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड
बागलुङ-न.पा.-३, बागलुङ बजार ।

विषयः प्रतिनिधि नियुक्ति बारे ।

महाशय,

.... जिल्ला................................ पालीका वडा नं. .... बस्ने म/हामी .... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०७८ जेठ १४ गते शुक्रबारका दिन हुने विशेष साधारण सभामा म/हामी स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागि हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि .... जिल्ला.................................. पालीका वडा नं........ बस्ने त्यस कम्पनीका शेयरधनी श्री .... शेयर प्रमाणपत्र नं. .... लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको,

हस्ताक्षरको नमूना :
शेयर प्रमाणपत्र नं. :
शेयरधनी परिचय नं. :

निवेदक :
दस्तखतः
नामः
ठेगानाः
शेयर प्रमाणपत्र नं.:
शेयरधनी परिचय नं.:
मितिः

द्रष्टव्यः यो निवेदन सभा हुन भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरी सक्नुपर्नेछ।

प्रवेश-पत्र

शेयरधनीको नामः......................... शेयरधनी नम्वर : .... शेयर संख्या : ....
(२०७८।०२।१४ गते शुक्रबारका दिन हुने सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको विशेष साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेशपत्र।)

शेयरधनीको दस्तखतः

द्रष्टव्य : सभाकक्षमा प्रवेश गर्न यो प्रवेशपत्र अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्ने छ।

....
कम्पनी सचिव

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को विशेष साधारण सभा सम्वन्धि सूचना

यस वित्तीय संस्थाको मिति २०७८ वैशाख २९ गते बसेको सञ्चालक समितिको ६०औं बैठकको निर्णय बमोजिम विशेष साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिमको विषयहरु उपर छलफल गरी निर्णय गर्नुपर्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

१. विशेष साधारण सभा बस्ने मिति, समय र स्थान

मिति : २०७८ साल जेष्ठ १४ गते शुक्रबार (तदनुसार मे २८, २०२१)
समय : बिहान ११:०० बजे।
स्थान : होटल पिस प्यालेस, बागलुङ न.पा. वडा नं.-२, बागलुङ।

२. विशेष साधारण सभामा छलफलका विषयहरु

(क) विशेष प्रस्तावहरु

१) शालीग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत गरिने अध्यक्षज्यूको प्रतिवेदन सम्बन्धमा।

२) शालीग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गर्ने प्रयोजनको लागि मुल्याङ्कनकर्ताबाट प्राप्त प्रतिवेदनका आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) सम्बन्धमा।

३) शालीग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा सम्पन्न समझदारीपत्र (Memorandum of Understanding), सम्पत्ति, दायित्व र कारोवारको मूल्याङ्कन प्रतिवेदन (DDA), प्राप्ति गर्ने र हुने सम्बन्धमा गठित संयुक्त प्राप्ति समिति र सञ्चालक समितिले गरेका निर्णय एवम् सो सम्बन्धमा भएका काम कारबाही र खर्च अनुमोदन तथा अन्तिम सम्झौतापत्र स्वीकृत गर्ने सम्वन्धमा।

४) सम्पत्ति, दायित्व र कारोवारको मूल्यांकन (DDA) गर्न नियुक्त लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा।

५) संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा।

६) भविष्यमा यस वित्तीय संस्थाले अन्य कुनै वित्तीय संस्थालाई प्राप्ति (Acquisition) गर्ने वा एक आपसमा गाभ्ने गाभिने (Merger) प्रयोजनको लागि आवश्यक कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

७) प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन तथा प्राप्ति सम्बन्धी कार्य उपर थप प्रष्ट गर्नु परेमा वा नियमनकारी निकायबाट कुनै विषयमा निर्देशन वा सुझाव दिएमा सोबमोजिम संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

ख) विविध।

३. विशेष साधारण सभा सम्वन्धि अन्य जानकारी

१. विशेष साधारण सभामा भाग लिन आउनु हुने सम्पुर्ण शेयरधनी महानुभावहरूले आ-आफ्नो परिचय खुल्ने कुनै पनि परिचय पत्र अनिवार्य लिई आउनु पर्नेछ।

२. विशेष साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिती पुस्तिकामा दस्तखत गर्नुपर्ने छ । उपस्थिती पुस्तिका सभा हुने बिहान १० बजे देखि विशेष साधारण सभा सम्पन्न नभएसम्म खुला रहने छ । कोरोना भाइरस (कोभिड १९) को कारणले आवतजावतमा कठीनाई भई उपस्थित हुन असमर्थ हुने शेयरधनी महानुभावहरुले अनलाईन (भर्चुअल) माध्यमबाट भाग लिन सक्नु हुनेछ। यस उपस्थितीलाई समेत सभा हलमा उपस्थित भए सरह मान्यता प्रदान गरिने छ।

३. विशेष साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयर धनीहरूले रीतपूर्वकको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा सुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात् मिति २०७८/०२/१२. गते बिहान ११:०० बजे भित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बागलुङ न.पा. वडा नं.-३, बागलुङमा दर्ता गराई सक्नुपर्ने छ। वित्तीय संस्थाको शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिन पाइने छैन।

४. एक जना शेयर धनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुने छ। तर प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसके पछि सम्बन्धित शेयर धनीले प्रतिनिधि फेर बदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी नयाँ प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फारम वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सभा सुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ।

५. प्रतिनिधि नियुक्त गरिसकेको शेयर धनी आफै सभामा उपस्थित भई उपस्थिति पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुने छ।

६. विशेष साधारणसभा सम्बन्धी अन्य जानकारी कम्पनी ऐन वा अन्य प्रचलित कानुन, नीति, नियम तथा निर्देशन बमोजिम हुनेछ।

७. विशेष साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय समिक्षालय रोड, बा.न.पा.- ३, बागलुङ वा संस्थाको सम्पर्क नं. ०६८-५२०८७७ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. बागलुङको मिति २०७८ जेठ १४ गतेका दिन बसेको विशेष साधारण सभामा संस्थाका अध्यक्ष श्री पद्मनाथ शर्माज्यूद्वारा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावज्यूहरु,

यस सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको विशेष साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावज्यूहरु, संस्थागत रुपमा यस सभामा प्रतिनिधित्व गर्नु हुने प्रतिनिधिज्यूहरु, व्यवस्थापन तथा कर्मचारीहरु लगायत सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत व्यक्त गर्दछु।

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. ले शालिग्राम लघुवित्त वित्तीय संस्था लि. बेनी म्याग्दीलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धी महत्वपूर्ण प्रस्ताव लिएर यहाँहरु समक्ष उपस्थित भएका छौं।

मुलुकको समग्र वित्तीय प्रणालीको संबर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न, मुलुकको वित्तीय प्रणालीलाई सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्वको लागि सदस्य तथा लगानीकर्ताको हित संरक्षण गर्न, संस्थाको वित्तीय, मानव संशाधन, प्राविधिक एवं अन्य क्षमता अभिवृद्धि गरी वित्तीय तथा गैर वित्तीय सुबिधा अझ प्रभावकारी ढंगले प्रदान गर्न सक्ने तथा संस्थाको पूँजीगत आधार सुदृढ गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने उद्देश्यका साथ यस प्राप्तीलाई अगाडि बढाईएको छ।

मिति २०७७ पौष २९ गते बसेको संस्थाको दोश्रो वार्षिक साधारण सभाले उपयुक्त संस्थाहरूसंग एक आपसमा गाभ्ने/गाभिने (मर्जर), प्राप्ति (एक्विजीसन) कार्यलाई अगाडि बढाउनकालागि सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरे बमोजिम यस संस्थाले बजारको पहुँचलाई बढाउन र पूँजीको आधारलाई बृद्धि गर्नका लागि गण्डकी प्रदेशमा कार्यक्षेत्र रहको शालिग्राम लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति (एक्विजीसन) कार्यका लागि मिति २०७७/११/१४ मा समझदारीपत्रमा हस्ताक्षर भई नेपाल राष्ट्र बैंकबाट मिति २०७८/०१/२८ मा प्राप्ति (एक्विजीसन) का लागि सैद्धान्तिक सहमति प्राप्त भएको छ। साथै, मिति २०७८/०१/२९ मा प्राप्ति (एक्विजीसन) कार्यका लागि अन्तिम संझौता पत्रमा हस्ताक्षर भएकाले प्राप्ति (एक्विजीसन) मा यहाँहरुको स्वीकृतिका लागि पेश गरेका छौं । यस प्राप्तीबाट संस्थाको समग्र विकासमा टेवा पुग्नेछ र भविष्यमा नेपालकै अग्रणी लघुवित्त वित्तीय संस्थाको सूचीमा यस वित्तीय संस्थालाई पुऱ्याउने विश्वास दिलाउन चाहान्छौं।

१. प्राप्ति (एक्विजिसन) समितिको गठनः

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडमा शालिग्राम लघुवित्त वित्तीय संस्था लिमिटेड प्राप्ति (एक्विजीसन) कार्य सम्पन्न गर्नका लागि देहाय बमोजिमको एक संयूक्त प्राप्ति (एक्विजीसन) समितिको गठन गरिएको छ।

क) श्री ओमप्रकाश पौडेल- संयुक्त प्राप्ति (एक्विजिसन) समितिको संयोजक (सिवाईसीको तर्फबाट)

ख) श्री सन्तोष रावल- संयुक्त प्राप्ति (एक्विजिसन) समितिको सदस्य (शालिग्रामको तर्फबाट)

२. सम्पत्ति तथा दायित्वको मुल्यांकनः

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडमा शालिग्राम लघुवित्त वित्तीय संस्था लिमिटेड प्राप्ति कार्यका लागि एन.वि. रोकाय एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टसलाई सम्पत्ति तथा दायित्वको मुल्यांकनकर्ता नियुक्त गरी निजबाट मिति २०७७ साल आषाढ मसान्तसम्मको Due Diligence Audit (DDA) को प्रतिवेदन मिति २०७८।०१।०७ मा प्राप्त भएको छ।

३. प्राप्ति (एक्विजिसन) सम्बन्धमा वित्तीय संस्थाहरु बीचमा भएको सम्झौतापत्र तथा सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit) को मुख्य पक्षहरु देहाय बमोजिम रहेका छन् ।

क) प्राप्ति (एक्विजिसन) पश्चात वित्तीय संस्थाको नाम, ठेगाना, इजाजत पत्रको वर्ग र कार्यक्षेत्र, प्राप्ति (एक्विजिसन) पछि रहने नाम, ठेगाना, इजाजत पत्रको वर्ग र कार्यक्षेत्रः

(१) प्राप्ति (एक्विजिसन) पूर्व वित्तीय संस्थाको नाम ठेगाना, इजाजतपत्रको वर्ग र कार्य क्षेत्र देहाय बमोजिम रहेको छ।

क्र.स	संस्थाको नाम	ठेगाना	वर्ग	कार्यक्षेत्र	कैफियत
१	सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि.	बा.न.पा.-३, बागलुङ बजार	"घ"	राष्ट्रिय स्तर	प्राप्ति गर्ने संस्था
२	शालिग्राम लघुवित्त वित्तीय संस्था लि.	बेनी न.पा.-७, म्याग्दी	"घ"	प्रदेशस्तर (गण्डकी प्रदेश	प्राप्ति हुने संस्था

(२) प्राप्ति (एक्विजिसन) पश्चात देहाय बमोजिमको नाम, ठेगाना वर्ग र कार्यक्षेत्र रहने छ।

क्र.स	संस्थाको नाम	ठेगाना	वर्ग	कार्यक्षेत्र	कैफियत
१	सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि.	बा.न.पा.-३, बागलुङ बजार	"घ"	राष्ट्रिय स्तर	प्राप्ति गर्ने संस्था

(ख) प्राप्ति (एक्विजिसन) को आवश्यकता र औचित्य ः

प्राप्ति (एक्विजिसन) को कार्यको आवश्यकता र औचित्यता बुंदागत रुपमा देहाय बमोजिम रहेको छ।

(१) जोखिम वहन गर्न सक्ने क्षमता अभिवृद्धिका लागि एक सवल र सक्षम संस्थाको रुपमा स्थापित भई सदस्यहरुलाई उत्कृष्ट सेवा प्रदान गर्न ।

(२) वित्तीय प्रणालीलाई थप सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्वको लागि सदस्यहरुको हित संरक्षण गर्न ।

(३) पूँजीगत आधार सुदृढ गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न ।

(४) मानव संशाधन, प्राविधिक तथा अन्य समग्र क्षमता अभिबृद्धि गरी वित्तीय सुविधा प्रदान गर्ने क्षमतामा थप विस्तार गर्न ।

(५) लगानीकर्ताहरुको हित संरक्षण गर्न ।

(६) देशव्यापी रुपमा शाखाहरुको संजाल विस्तार गरी वित्तीय सेवामा सर्वसाधारणको पहुँच अभिबृद्धि गर्न ।

(ग) प्राप्ति (एक्विजिसन) ले वित्तीय क्षेत्र र प्रणालीमा पार्ने सकरात्मक प्रभाव :

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडमा शालिग्राम लघुवित्त वित्तीय संस्था लिमिटेड प्राप्ति पछि लघुवित्त वित्तीय संस्थाको संख्यामा कमी भई खर्चमा कटौती, पर्याप्त पूँजीगत आधार, सर्वसाधारणको वित्तीय सेवामा पहुँच अभिबृद्धि तथा संस्थागत सुशासन अझै बलियो भई समग्र वित्तीय प्रणालीको सम्वर्द्धन र सो प्रति सर्वसाधारणको विश्वासनीयतामा समेत अभिबृद्धि भई वित्तीय क्षेत्र र प्रणालीमा सकारात्मक प्रभाव पर्नेछ।

(घ) लगानी तथा कारोवार, गैर बैंकिङ्ग कारोबार र सम्पत्ति तथा दायित्वको व्यवस्थापनः

प्राप्ति (एक्विजिसन) कार्य सम्पन्न भए पश्चात हाल कायम सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को कर्जा नीति, बचत नीति, संस्थाका नीति, नियम, नियमावलीहरु, विनियमहरु, प्रोडक्ट पेपरहरु समेतको आधारमा प्राप्ति पछिको संस्थाको लगानी तथा कारोवार र सम्पत्ति तथा दायित्वको व्यवस्थापन गरिने छ।

(ङ) ग्राहक सदस्य र शेयरधनीहरुको हक हित संरक्षणः

(१) ग्राहक सदस्यहरुको हक हित संरक्षणः

संस्थाले ग्राहक सदस्यहरुको बचतको सुरक्षा तथा हक हित संरक्षणको लागि सदैव प्राथमिकताका साथ उचित व्यवस्था गर्दै आएकोमा प्राप्तिपछि पूँजीगत आधार सुदृढ भई वित्तीय प्रणालीलाई सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्वका लागि बचतकर्ताको हक हित संरक्षण गर्न संस्था प्रतिबद्ध छ। प्राप्ति पछि अझ सुदृढ ढंगले उच्च प्राथमिकताकासाथ ग्राहक सदस्यहरुको बचत सुरक्षा र हक हित संरक्षण गर्न नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही बचत संकलनलाई प्राथामिकता दिइनेछ।

(२) शेयरधनीहरुको हक हित संरक्षणः

प्राप्ति कार्य सम्पन्न भएपछि मानव संसाधन, सूचना प्रविधि एवं प्राविधिक पक्षमा थप अभिबृद्धि गरी लगानीकर्तारुलाई उचित प्रतिफल दिलाउँदै पूँजी संरचना अनुसार निजहरुको हक हित संरक्षण गर्न अझ सुदृढ ढंगले उच्च प्राथमिकताकासाथ कार्य गरिने छ। प्राप्ति कार्य सम्पन्न भए पश्चात संस्थाका देशभर शाखा सञ्जालको विस्तार हुन गई सर्वसाधारणमा थप पहुँच समेत अभिबृद्धि हुनेछ। जसबाट संस्थाको व्यवसायमा विस्तार हुनगई मुनाफामा समेत बृद्धि हुने हुँदा सेयर धनीहरुलाई प्रत्यक्ष फाईदा पुग्नेछ।

च) वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोवारको व्यवस्थापनः

दुवै संस्थाको सहभागितामा गठित संयुक्त प्राप्ति समितिले नियुक्त गरेको सम्पत्ति तथा दायित्व मुल्यांकनकर्ताले उपलब्ध गराएको प्रतिवेदन (Due Diligence Audit Report) का आधारमा प्राप्ति गर्ने/हुने संस्थाहरुको वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोबार निम्नानुसार हुने कुरामा पूर्ण रुपमा सहमत भएका छौं।

प्रमुख वित्तीय परिसूचक		सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड	शालीग्राम लघुवित्त वित्तीय संस्था लिमिटेड	प्राप्ति पछि सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि.
चुक्ता पुँजी				
• संस्थापक	हजारमा	७०,०००	१६,८१७	८६,८१७
• सर्वसाधारण	हजारमा	-	-	-
प्राथमिक पुँजी (रकममा)	हजारमा	११५,०२१	१२,६६४	१२७,६८५

प्रमुख वित्तीय परिसूचक		सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड	शालीग्राम लघुवित्त वित्तीय संस्था लिमिटेड	प्राप्ति पछि सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि.
पुँजीकोष (रकममा)	हजारमा	१३१,२३९	१३,८५४	१४५,०९३
प्राथमिक पुँजी (प्रतिशतमा)		८.८७%	१८.५०%	-
पुँजीकोष (प्रतिशतमा)		१०.१२%	२०.२४%	-
जोखिम भारित सम्पत्ति	हजारमा	१,२९७,४६७	६८,४५२	१,३६५,९१९
पुँजी कोष अनुपात(अधिको)		-	-	-
नेटवर्थ (जम्मा रकममा)	हजारमा	२१९,६८५	१२,६०१	२३२,२८६
नेटवर्थ प्रति शेयर		३१३.८४	७४.९३	२६८
कुल कर्जा	हजारमा	१,११०,९६४	६१,७५२	१,१७२,७१६
कुल निक्षेप	हजारमा	७१७,६१८	१०,६०६	७२८,२२४
(क) संस्थागत	हजारमा	-	-	-
(ख) सर्वसाधारण	हजारमा	७१७,६१८	१०,६०६	७२८,२२४
निष्कृय कर्जा (रकममा)	हजारमा	९१,४६९	-	९१,४६९
निष्कृय कर्जा अनुपात		८.२३%	०%	-
कर्जा वर्गीकरण				
१.असल	हजारमा	१,०१८,५३४	६१,७५२	१,०८०,२८६
सुक्ष्म निगरानी	हजारमा	९६१	-	९६१
३.पुनरसंरचना	हजारमा	-	-	-
४.कमसल	हजारमा	७,१८७	-	७,१८७
५.शंकास्पद	हजारमा	४९,१३६	-	४९,१३६
६.खराव	हजारमा	३५,१४६	-	३५,१४६
कर्जा नोक्सानी व्यवस्था पर्याप्तता		पर्याप्त भएको	पर्याप्त भएको	पर्याप्त भएको
प्रचलित कानून तथा नियमनको पालना स्थिति		संस्थाले स्वतन्त्र संचालकको नियुक्ति गरेको। सामान्यतया प्रचलित कानूनको पालना गरेको		
तलरता विवरण		संस्थाले आ.व. २०७६।७७ मा सि. आर. आर. तथा एस. एल. आर. पूर्णमात्रामा कायम गरेको। अन्य तरलता विवरण निम्नानुसार रहेको		
तरलता अनुपात				
कर्जा निक्षेप अनुपात (ने.रा.बैं बमोजिम)		१५४.८१%	५८२.२१%	१६१%
जनशक्ति व्यवस्थापन		प्राप्ति पछि जम्मा कर्मचारी संख्या १७७ रहने छ। सिवाईसी नेपाल लघुबित्त संस्था लि.का प्रबन्ध सञ्चालक प्राप्ति पछि बन्ने संस्थाको प्रबन्ध सञ्चालक पदमा हुनेछ।		

प्रमुख वित्तीय परिसूचक		सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड	शालीग्राम लघुवित्त वित्तीय संस्था लिमिटेड	प्राप्ति पछि सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि.
		कर्मचारीको खाईपाई आएको तलब, भत्ता तथा सुविधा घटाईने छैन ।		
सूचना प्रविधि		शालीग्राम लघुबित्त वित्तीय संस्था लिमिटेडले सञ्चालन गरेको Uranus Tech Nepal को Uranus System Softwear मा रहेको मबतब लाई प्राप्ति पश्चात् सिवाईसी नेपाल लघुबित्त संस्था लिमिटेडले सञ्चालन गरेको Info Developers Company को Empower System Softwear मा इन्टिग्रेसन गरिने छ ।		
शेयर आदान प्रदान अनुपात		१००:७५		
बजार मुल्य रकममा (अन्तिम मुल्य)		-	-	-
व्यवसायको बजार अंश				
कर्जाको आधारमा		०.४२३%	०.०२४%	०.४५%
निक्षेपको आधारमा		०.६७६%	०.०१०%	०.६९%
पुँजी कोषको आधारमा		०.३९३%	०.०४१%	०.४३%
खुद नाफा आ.व. २०७६।७७	हजारमा	३४,०८३	(५,६७३)	२८,४१०

(छ) सम्पत्तिको मुल्यांकन, सम्पत्ति दायित्वको मिलान पद्धतिः

संयुक्त प्राप्ति समितिबाट नियुक्त गरिएको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ता एन.बि. रोकाय एण्ड एसोशियट्स, चार्टर्ड एकाउण्टेन्ट्स् नर बहादुर रोकायवाट उपलब्ध गराएको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन बमोजिम प्रति शेयर नेटवर्थ प्रथम पक्षको रू. २७२.६५ र दोस्रो पक्षको रू. १७४.०९ उल्लेख भई आएको छ । दुवैवित्तीय संस्था बीच मिति २०७७ फाल्गुण १४ गते सम्पन्न प्रारम्भिक समझदारी पत्र (MOU) अनुसार सम्पत्ति दायित्वको मिलान प्राप्ति हुने संस्थाको DDA Report को आधारमा तय गरिने सहमति भएको एवं नेपाल राष्ट्र बैंकद्वारा जारी बैंक तथा वित्तीय संस्था एक आपसमा प्राप्ति गर्ने प्राप्ति हुने (प्राप्ति) तथा प्राप्ति (एक्वीजीशन) सम्बन्धी विनियमावली, २०७३ को दफा ९ मा रहेको व्यवस्था बमोजिम आधार नेटवर्थमा खुद सम्पत्तिको बढीमा १० प्रतिशतसम्म थपघट गरी समायोजित आधार नेटवर्थ गणना गरी शेयर अनुपात कायम गर्न सकिने व्यवस्था अनुसार संयुक्त प्राप्ति समितिको निर्णयानुसार प्रथम पक्षको खुद सम्पत्ति १० प्रतिशतले कम गर्ने र दोश्रो पक्षको खुद सम्पत्ति ९.१६ प्रतिशतले बृद्धि गर्दा समायोजित शेयर स्वाप अनुपात प्रथम र दोश्रो पक्षको क्रमशः १००:७५ कायम गर्ने अर्थात प्रथम पक्ष सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले १०० कित्ता शेयर प्राप्त गर्दा दोस्रो पक्ष शालीग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडले ७५ कित्ता शेयर प्राप्त गरिएको छ ।

(ज) प्राप्ति (एक्विजिशन) गर्न लाग्ने अनुमानित समयावधिः

नेपाल राष्ट्र बैंकले अन्तिम स्वीकृति दिए पश्चात बढिमा १५ दिन भित्र प्राप्तिको कार्य सम्पन्न गरिनेछ।

झ) प्राप्ति (एक्विजिशन) पछिको पुँजी संरचना, नियन्त्रण परिवर्तन, स्वामित्व संरचना :

(१) प्राप्ती अघिको पूँजी तथा शेयर स्वामित्वको संरचनाः

पूँजी संरचनाः

विवरण	सिवाईसी नेपाल	शालिग्राम
अधिकृत पुँजी (रु.)	२०००००००००	५००००००००
जारी पुँजी (रु.)	१००००००००	२५१००००००
चुक्ता पुँजी (रु.)	७००००००००	१६८१७०००

शेयर स्वामित्व संरचनाः

समुह	सिवाईसी नेपाल (स्वामित्व प्रतिशत)	शालिग्राम (स्वामित्व प्रतिशत)
संस्थापक	७० प्रतिशत	६७ प्रतिशत
सर्वसाधारण	३० प्रतिशत	३३ प्रतिशत
जम्मा	**१००**	**१००**

(२) प्राप्तिको अवस्थामा पूँजी तथा शेयर स्वामित्वको संरचना मिलान (Swap Ratio 100: 75)

समुह	सिवाईसी नेपाल (स्वामित्व प्रतिशत)	शालिग्राम (स्वामित्व प्रतिशत)
संस्थापक	६९.५२ प्रतिशत	६७.५ प्रतिशत
सर्वसाधारण	३०.४८ प्रतिशत	३२.५ प्रतिशत
जम्मा	**१००**	**१००**

(३) प्राप्ति पछिको संस्थाको पुँजी

विवरण	सिवाईसी नेपाल
अधिकृत पुँजी (रु.)	३००००००००
जारी पुँजी (रु.)	१२२३८९२५९.२६
चुक्ता पुँजी (रु.)	८२६१२७५०

(ञ) संचालक समिति सम्बन्धी व्यवस्थाः

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले शालिग्राम लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति गर्ने हुँदा प्राप्ति पश्चात सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को हालको सञ्चालक समिति यथावत कायम रहनेछ।

(ट) सञ्चालन तथा व्यवस्थापनः

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले शालीग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गर्ने हुँदा सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको हालको सञ्चालक समितिको संरचना यथावत रहने छ, जस अनुसार संस्थापक समूहबाट ४ जना, सर्वसाधारणतर्फबाट २ जना र स्वतन्त्र सञ्चालक १ जना गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनमा भएको व्यवस्था बमोजिम ७ जनाको सञ्चालक समिति कायम

रहनेछ। सर्वसाधारणलाई छुट्टाएको शेयर बिक्री गरी नसकेको हुँदा सर्वसाधारण तर्फको सञ्चालक IPO मा नजाँदासम्म रिक्त रहने छ

(ठ) जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्थाः

शालिग्राम लघुवित्त वित्तीय संस्थाका स्थायी, अस्थायी तथा करारमा रहेका कर्मचारीहरुको पद मिलान र निजहरुले खाईपाई आएको सुविधा नघट्ने गरी एकीकृत कारोवार पश्चात् सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडमा समायोजन गरिनेछ। एकीकृत कारोवार पश्चात् शालिग्राम लघुवित्त वित्तीय संस्था लि.का प्रमुख कार्यकारी अधिकृतलाई सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको नायब प्रमुख कार्यकारी अधिकृत पदमा समायोजन गरिने छ। साथै, अन्य तहका कर्मचारीहरुको हकमा भने संयुक्त प्राप्ति समितिको निर्णय र मिति २०७७/११/१४ मा प्राप्ति गर्ने सम्बन्धमा भएको प्रारम्भिक सम्झौता पत्रमा उल्लेख भए बमोजिम संयुक्त प्राप्ति समितिको मिति २०७८/०१/२८ को निर्णयानुसार पद तथा सेवा सुविधा मिलान र जिम्मेवारी प्रदान गरिनेछ।

(ठ) शेयर आदान प्रदान अनुपातः

शालिग्राम लघुवित्त वित्तीय संस्था लि. का शेयरधनीहरुले शालिग्राम लघुवित्त वित्तीय संस्था लि.को प्रत्येक १०० कित्ता बराबर सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को ७५ कित्ता शेयर प्राप्त गर्ने गरि शेयर मुल्य अनुपात (Share Swap Ratio) कायम गरिएको छ।

(ड) संस्थाको गुणात्मक सुधार, व्यवसायको प्रवर्द्धन र सुरक्षा, संस्थागत सुशासनको प्रतिबद्धताः

प्राप्ति कार्य सम्पन्न भएपछि संस्थाले दिई आएको वित्तीय तथा गैर वित्तीय सेवा सुबिधा अझ प्रभावकारी ढंगले प्रदान गर्न सक्ने बनाउन आधुनिक सूचना प्रविधिको पूर्ण उपयोग गरी व्यवस्थित सूचना प्रणालीको विकास गरी संस्थाको सेवा तथा सुबिधामा गुणात्मक सुधार ल्याईनेछ। संस्थाको व्यवसाय प्रबर्द्धनका लागि देशका वित्तीय पहुँच नपुगेका क्षेत्रहरु पहिचान गरी शाखा सञ्जाल मार्फत सेवा विस्तार गरिनेछ। सदस्यहरुको आय आर्जनको क्षेत्रहरु पहिचान गरी लगानीलाई पूर्ण सुरक्षित गरिनेछ। दुवै संस्थाहरु एक आपसमा गाभिएपछि बन्ने राष्ट्रिय स्तरको "घ" वर्गको सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को सेवालाई गुणस्तरीय बनाउँदै आजको प्रतिस्पर्धात्मक वित्तीय बजारमा राष्ट्रिय स्तरको संस्थालाई आवश्यक पर्ने दक्ष जनशक्तिको व्यवस्था गरी संस्थागत सुशासनको मर्म र भावना अनुसार कार्य गर्न संचालक समिति तथा व्यवस्थापन प्रतिवद्ध रहेको छ।

(ढ) संस्थागत पुनर्संरचना, एक आपसमा शाखा तथा कार्यालयको मिलान तथा सञ्चालन व्यवस्था :

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. ले शालिग्राम लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति गर्ने कार्यका लागि नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृति प्राप्त भएपछि हाल सिवाईसी नेपालको केन्द्रीय कार्यालय रहेको ठेगाना गण्डकी प्रदेश, बाग्लुङ्ग जिल्ला, बाग्लुङ्ग नगरपालिका वार्ड नं. ३, बाग्लुङ्गबाट सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड (प्राप्ति गर्ने संस्था) को नामबाट नै एकीकृत कारोबार शुरु गरिनेछ। एकीकृत कारोवार गरे पश्चात् हाल सञ्चालनमा रहेका दुवै वित्तीय संस्थाहरुको शाखा कार्यालयहरु मध्ये खैरेनीटार शाखा कार्यालय, शुक्लागण्डकी नगरपालिका ०७, तनहुँको शाखा दोहोरिएको हुँदा प्राप्ति पश्चात् सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, खैरेनीटार शाखा कार्यालयको वित्तीय कारोवार शालिग्राम लघुवित्त वित्तीय संस्था लिमिटेड, खैरेनीटार शाखा कार्यालयमा समायोजन गरी सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, खैरेनीटार शाखा कार्यालयलाई नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर अन्यत्र स्थानमा स्थानान्तरण गरिनेछ।

४. प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधन/थपको तीन महले विवरणः

प्रबन्धपत्र तर्फ

दफा	साविक व्यवस्था	प्रस्तावित संशोधन	संशोधन गर्नु पर्ने कारण
२(१)	यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बागलुङ्ग जिल्ला, बागलुङ्ग नगरपालिका, वडा नं. ३ मा रहनेछ।	वित्तीय संस्थाको केन्द्रीय कार्यालय कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ९ मा रहनेछ।	राष्ट्रिय स्तर कार्यक्षेत्र भएकोले नेपालभर शाखा कार्यालय विस्तार गर्दा बागलुङ्गबाट कार्यक्षेत्रसम्म जान श्रम, समय र खर्च बढी लाग्ने भएकोले।
२(२)	नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ।	नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार, प्रदेश, शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सकिनेछ।	
६ (क)	वित्तीय संस्थाको अधिकृत पूँजी रु. २०,००,००,०००।- (अक्षरेपी बीस करोड रुपैया मात्र) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु.१००।- दरका २०,००,००० (बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।	वित्तीय संस्थाको अधिकृत पुँजी रु.३०,००,००,०००।((अक्षरेपि तिस करोड मात्र) हुनेछ। सो पुँजीलाई प्रतिशेयर रु.१००।- दरका ३०,००,००० (तीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।	सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले शालीग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गर्ने भएकोले
६ (ख)	वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु १०,००,००,०००।- (अक्षरेपी दश करोड रुपैया मात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००। दरका १०,००,००० (दश लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।	वित्तीय संस्थाको जारी पुँजी रु. १२,२३,८९,२५९।२६ (अक्षरेपि बाह्र करोड तेईस लाख उनानब्बे हजार दुई सय उनसाठी पैसा छब्बिस मात्र) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु. १००।- दरका १२,२३,८९२।५९ (बाह्र लाख तेईस हजार आठ सय बयानब्बे दशमलव पाँच नौ) थान साधारण शेयरमा विभाजन गरिएको छ।	सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले शालीग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गर्ने त्यस बैंकको स्वीकृति तथा संस्थाको विशेष साधारण सभाले प्राप्ति गर्ने प्रस्ताव पारित गरेको हुँदा शालीग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडको जारी तथा चुक्ता पुँजी समायोजन गर्नुपर्ने भएकोले। *नोट : सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था र शालीग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर स्वाप अनुपात १००:७५ कायम भएकोले सो बमोजिम शालीग्राम लघुवित्त वित्तीय*
६ (ग)	वित्तीय संस्थाको संस्थापकहरुले चुक्ता गर्न कबुल गरेको पूँजी रु ७,००,००,०००।- (अक्षरेपी सात करोड रुपैया मात्र) हुनेछ।	वित्तीय संस्थाको चुक्ता पुँजी रु. ८२६१२७५०।-(अक्षरेपि आठ करोड छब्बीस लाख बाह्र हजार सात सय पचास मात्र) हुनेछ।	

दफा	साविक व्यवस्था	प्रस्तावित संशोधन	संशोधन गर्नु पर्ने कारण
			संस्था लिमिटेडको ७५ प्रतिशत शेयर मात्र जारी तथा चुक्ता पुँजीमा समावेश गरी गणना गरिएको र बाँकी रहेको २५ प्रतिशत रकम पुँजीगत जगेडा कोषमा हिसाब मिलान गरिने छ।
६ (घ)	वित्तीय संस्थाले जारी पूँजीको ३० प्रतिशत साधारण शेयर सर्वसाधारणलाई विक्रीको लागि छुट्याएको छ।	वित्तीय संस्थाले जारी पुँजीको ३२.५ प्रतिशत साधारण शेयर सर्वसाधारणलाई विक्रीको लागि छुट्याएको छ।	बैंक तथा वित्तीय संस्था ऐन २०७३ को दफा ९ तथा धितोपत्र बोर्डले जारी गरेको निर्देशन बमोजिम शेयर संरचना परिमार्जन गर्न आवश्यक भएकोले।
६ (ङ)	संस्थापक शेयरधनीहरुलाई समुह "क" मा वर्गीकरण गरिएको छ र यस समुहको शेयर स्वामित्व ७० प्रतिशत हुनेछ।	संस्थापक शेयरधनी समूहको शेयर स्वामित्व जारी पुँजीको ६७.५ प्रतिशत हुनेछ।	
६ (च)	सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समुह "ख" मा वर्गीकरण गरिएकोछ। यस समुहको शेयर स्वामित्व ३० प्रतिशत हुनेछ।	हटाउने	दफा ६(घ)मा भएकोले आवश्यक नभएको।
११ (१४)	प्रावधान नरहेको	संस्थापक शेयरधनीहरुले खरिद गर्न पाउने हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक अन्य व्यक्ति वा संस्थालाई बिक्री वा हक हस्तान्तरण गर्न सकिने छ।	संस्थापक शेयर विक्री गर्नु पर्ने ब्यवस्था थप गर्न आवश्यक भएकोले।

नियमावलीतर्फ

नियम	साविक व्यवस्था	प्रस्तावित संशोधन	संशोधन गर्नु पर्ने कारण
२	यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बागलुङ्ग जिल्ला, बागलुङ्ग नगरपालिका, वडा नं. ३ मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ	वित्तीय संस्थाको केन्द्रीय कार्यालय कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ९ मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा, क्षत्रीय वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सकिनेछ।	राष्ट्रिय स्तर कार्यक्षेत्र भएकोले नेपालभर शाखा कार्यालय विस्तार गर्दा बागलुङ्गबाट कार्यक्षेत्रसम्म जान श्रम, समय र खर्च बढी लाग्ने भएकोले।

आदरणीय शेयरधनी महानुभावहरु,

प्रप्ति कार्य सम्पन्न भए पश्चात एक सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम संस्थाको रुपमा सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. ले ग्राहक सदस्यहरु तथा लगानीकर्ताको हितको संरक्षण गर्न सक्षम हुने तथा मानव संशाधन, प्राविधिक एवं अन्य क्षमतामा अभिवृद्धि भई आधुनिक वित्तीय सुबिधा अझ प्रभावकारी ढंगले प्रदान गर्न संस्था सक्षम हुने कुरामा संस्था संचालक समिति तथा व्यवस्थापन पूर्ण विस्वस्त रहेको हुँदा देहाय बमोजिमको विशेष प्रस्तावहरुलाई पारित गरि दिनुहुन हार्दिक अनुरोध छ।

क) शालीग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत गरिने अध्यक्षज्यूको प्रतिवेदन सम्बन्धमा।

ख) शालीग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गर्ने प्रयोजनको लागि मुल्याँकनकर्ताबाट प्राप्त प्रतिवेदनका आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) सम्बन्धमा।

ग) शालीग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धमा सम्पन्न समझदारीपत्र (Memorandum of Understanding), सम्पत्ति, दायित्व र कारोवारको मूल्यांकन प्रतिवेदन (DDA), प्राप्ति गर्ने र हुने सम्बन्धमा गठित संयुक्त प्राप्ति समिति र सञ्चालक समितिले गरेका निर्णय एवम् सो सम्बन्धमा भएका काम कारबाही र खर्च अनुमोदन तथा अन्तिम सम्झौतापत्र स्वीकृत गर्ने सम्वन्धमा।

घ) सम्पत्ति, दायित्व र कारोवारको मूल्यांकन (DDA) गर्न नियुक्त लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा।

ङ) संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा।

च) भविष्यमा यस वित्तीय संस्थाले अन्य कुनै वित्तीय संस्थालाई प्राप्ति (Acquisition) गर्ने वा एक आपसमा गाभ्ने गाभिने (Merger) प्रयोजनको लागि आवश्यक कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

छ) प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन तथा प्राप्ति सम्बन्धी कार्य उपर थप प्रष्ट गर्नु परेमा वा नियमनकारी निकायबाट कुनै विषयमा निर्देशन वा सुझाव दिएमा सोबमोजिम संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

ज) सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. ले शालिग्राम लघुवित्त वित्तीय संस्था लि.लाई प्राप्ती पश्चातको सञ्चालक समिति सम्वन्धमा।

झ) स्वतन्त्र सञ्चालकको नियुक्ति अनुमोदन सम्वन्धमा।

धन्यवाद।

पद्मनाथ शर्मा

अध्यक्ष

मितिः २०७८/०२/१४